# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ३६औं नगर कार्यपालिका बैठकको निर्णयहरू

मिति २०८१।६।२२ (ने.सं.११४४ कौलाथ्व पन्चमि)

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १ | प्रशासन विभाग | प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका सातौं तहका सात जना कर्मचारीहरुको नियुक्ति तथा पदस्थापना सम्बन्धमा | स्थानीय सेवातर्फ, अधिकृतस्तर सातौं तह (अप्राविधिक), प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं वा सो सरह पदको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट काठमाडौं महानगरपालिकामा सिफारिस भई आएका तपशिल बमोजिमका सात जना कर्मचारीहरूलाई स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम मिति २०८१ असोज १० गतेदेखि लागू हुने गरी नियुक्ति र पदस्थापन गर्ने । |
| २ | प्रशासन विभाग | काठमाडौं महानगरपालिकाका निर्देशक श्री अर्चना श्रेष्ठ (शाक्य) को राजिनामा स्वीकृत गर्ने सम्बन्धमा | स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १४६ को उपदफा (३) बमोजिम मिति २०८१ भाद्र २३ गतेदेखि लागू हुने गरी काठमाडौं महानगरपालिकाका निर्देशक श्री अर्चना श्रेष्ठ (शाक्य) को राजीनामा स्वीकृत गर्ने । |
| ३ | प्रशासन विभाग | करारमा कार्यरत दुई जना कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा | काठमाडौं महानगरपालिकामा अविछिन्न रुपमा करार सेवामा कार्यरत स्टाफ नर्स (सहायकस्तर पाँचौं तह प्राविधिक) श्री दिपज्योति खत्री र कार्यालय सहयोगी (प्रथम स्तर) श्री अनिता देउलाको साविककै सेवा, शर्त र सुविधा (दशैं खर्च समेत) कायम रहने गरी २०८१ श्रावण १ देखि पौष मसान्तसम्म म्याद थप गर्ने । |
| ४ | प्रशासन विभाग | वडा नम्वर ३ का सदस्य श्री केशवप्रसाद श्रेष्ठलाई स्वास्थ्य उपचार सहायता उपलब्ध गराउने सम्बन्धमा | काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १४ र १५ अनुसार काठमाडौं महानगरपालिकाका वडा नम्वर ३ का वडा सदस्य श्री केशव प्रसाद श्रेष्ठलाई औषधोपचार गर्दा भएको विलअनुसारको खर्च रकम रू. २,७२,९५०।- (दुई लाख बहत्तर हजार नौ सय पचास) उपचार सहायता उपलब्ध गराउने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ५ | प्रशासन विभाग | कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८० मा संशोधन सम्बन्धमा | कर्मचारी सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८० मा संलग्न तीन महले बमोजिम संशोधन गर्ने । |
| ६ | प्रशासन विभाग | आठौं तहका मेडिकल अधिकृत डा. श्री दिवस न्यौपानेको नियुक्ति तथा पदस्थापन सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा | स्थानीय सेवातर्फ, अधिकृतस्तर आठौं तह (प्राविधिक), स्वास्थ्य सेवा, ज.हे.स. समूह, मेडिकल अधिकृत पदको लागि प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट काठमाडौं महानगरपालिकामा सिफारिस भई आएका श्री दिवश न्यैपानेलाई प्रमुख प्रशासकीय अधिकृतबाट मिति २०८०।११।२० मा दिइएको नियुक्तिलाई अनुमोदन गरी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम सोही मितिदेखि लागू हुने गरी काठमाडौं महानगरपालिकामा नियुक्ति र पदस्थापन गर्ने । |
| ७ | प्रशासन विभाग | सहरी स्वास्थ्य प्रवर्धन केन्द्रको लागि सेवा करारमा जनशक्ति पदपूर्ति गर्ने सम्बन्धमा | काठमाडौं महानगरपालिका सहरी स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को अनुसूची ३ बमोजिम सहरी स्वास्थ्य प्रवर्धन केन्द्रहरूको लागि आवश्यक तपशिल बमोजिम १३९ जना कर्मचारीहरू पदपूर्तिको प्रक्रिया अगाडि बढाउन काठमाडौं महानगरपालिका सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा ७ को उपदफा (२) बमोजिम स्वीकृति दिने । |
| ८ | राजस्व विभाग | सम्पति कर मूल्याङ्कन सम्बन्धमा | चालु आर्थिक वर्ष २०८१।८२ को मा सम्पत्ति कर निर्धारणको लागि तोकिएक जग्गाको दर परिवर्तन हुँदा गत वर्ष तिरेको सम्पत्ति कर रकममा अनपेक्षित घटी/बढी हुन गएकोले हाललाई काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८० को दफा २(१) बमोजिम गर्न सम्पत्ति कर निर्धारण गर्न, चालु आर्थिक वर्षका लागि सम्पत्ति कर तिरेका करदाताहरूको हकमा कर आगामी वर्षबाट पाँच वर्षभित्र घटी/बढी भएको रकम समायोजन गर्ने। |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| | | | काठमाडौं महानगरपालिका आर्थिक ऐन २०८१ मा भएको सम्पत्ति कर असुली सम्बन्धी व्यवस्थाका विषयहरूका बारेमा विज्ञ सहितको टोलीबाट अध्ययन गरी नगर कार्यपालिकामा सुझाव पेश गर्ने व्यवस्था मिलाउन राजश्व परामर्श समितिलाई जिम्मेवारी दिने । |
| ९ | सार्वजनिक निर्माण विभाग | वडा नम्वर १० स्थित सहभागिता मार्ग र पुष्प नगर मार्ग सडक निर्माण कार्यको भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा | काठमाडौं महानगरपालिका वडा नम्वर १० स्थित सहभागिता मार्ग र पुष्पनगर मार्ग सडक निर्माण कार्य गर्ने क्रममा केही कार्य अन्य निकायबाट सम्पन्न भएको हुँदा काम घट्न गई कार्यादेश भन्दा परिमाण घटी हुन आएको २८.८९ प्रतिशत भेरिएसन काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधन २०८०) को नियम ४६ खण्ड (घ) बमोजिम स्वीकृत गर्ने । |
| १० | सार्वजनिक निर्माण विभाग | वडा नम्वर २९ कार्यालय भवन निर्माण कार्यको म्याद थप तथा भेरिसएसन स्वीकृत सम्बन्धमा | काठमाडौं महानगरपालिका वडा नम्वर २९ को कार्यालय भवन निर्माण गर्ने कार्यको म्याद २०८१ कार्तिक मसान्तसम्म म्याद थप गर्ने र थप निर्माण कार्यको १६.५१ प्रतिशत बढी भेरिएसन स्वीकृत गर्ने । |
| ११ | सार्वजनिक निर्माण विभाग | Wire Fencing Work in Ring Road कार्यको योजना स्थानान्तरण सम्बन्धमा | काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधन २०८०) को नियम १२क. को उपनियम (३) र उपनियम (४) बमोजिम Wire Fencing Work in Ring Road को कार्य (वाफलदेखि महाराजगञ्ज चोकसम्म) काठमाडौं महानगरपालिका वडा नम्वर ३, १६ र २६ सामाखुसी खोला किनारमा, वडा नम्वर १० र११ धोबिखोला किनारमा, वडा नम्वर १३ चःमति (कर खुसी खोला किनार) लगायत अन्य खोला किनार र सार्वजनिक जग्गा संरक्षण गर्ने प्रयोजनको लागि प्रयोग हुने गरी योजना स्थानान्तरण गर्ने । |
| १२ | सार्वजनिक निर्माण विभाग | पूर्वाधार निर्माण कम्पनी स्थापना तथा सञ्चालन गर्न सैद्धान्तिक सहमति | काठमाडौं महानगरपालिका क्षेत्रभित्र हुने भौतिक पूर्वाधारहरूको नियमित तथा आकस्मिक मर्मतसंभार गर्ने कार्यमा शिघ्रता प्रदान गर्न, गुणस्तरीयता र दीगोपना कायम गर्न पूर्वाधार निर्माण कम्पनी स्थापना तथा सञ्चालनका लागि कानुनी प्रबन्ध तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १३ | सहरी व्यवस्थापन विभाग | जुरी बैठक भत्ता तथा सुविधा सम्बन्धमा | २०८१ श्रावण १ गते देखि लागू हुने गरी जुरी बैठकमा उपस्थित हुने विज्ञलाई प्रति बैठक भत्ता तीन हजार रुपैयाँ र पारवहन सुविधा वापत प्रति बैठक एक हजार रुपैयाँ उपलब्ध गराउने । |
| १४ | शिक्षा विभाग | प्रारम्भिक बालविकास शिक्षाको स्तरोन्नति कार्यक्रमको लागि ८१ वटा सामुदायिक विद्यालयहरुलाई रकम निकासा दिने निर्णय अनुमोदन गर्ने सम्बन्धमा | आर्थिक वर्ष २०८०/८१ मा "गरिखाने शिक्षा महानगरको इच्छा" गौरवको योजनाको क्रम सङ्ख्या १३ खर्च सङ्केत २२५२२ प्रारम्भिक बाल विकास शिक्षाको स्तरोन्नति कार्यक्रमबाट ८१ वटा सामुदायिक विद्यालयहरूलाई आठ करोड पैसट्ठी लाख रुपैयाँ उपलब्ध गराउने सम्बन्धमा प्रमुखस्तरबाट मिति २०८१।३।२३ मा भएको निर्णय अनुमोदन गर्ने । |
| १५ | कृषि विभाग | कम्पनी मोडल वा सहकारी मोडलमा एग्रो पुलिङ योजना कार्यान्वयनका लागि सैद्धान्तिक सहमति सम्बन्धमा | महानगरवासीलाई स्वच्छ र सुरक्षित खाद्य पदार्थ, तरकारी र फलफूल सुलभ मूल्यमा सहज रुपमा उपलब्ध गराउन एग्रो पुलिङ स्वर्णिम योजना अन्तर्गत क्रम सङ्ख्या १२ खर्च सङ्केत २२५२२ मा उल्लेख भएको सरकारी कम्पनी वा सहकारी स्थापना तथा सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि कानुनी प्रबन्ध तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने। |
| १६ | स्वास्थ्य विभाग | काठमाडौं महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नति तथा नियमन सम्बन्धी नियमावली, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति | काठमाडौं महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नति तथा नियमन सम्बन्धी नियमावली, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने । |
| १७ | स्वास्थ्य विभाग | काठमाडौं महानगरपालिका र नेपाल एम्बुलेन्स सेवा बिच एम्बुलेन्स सञ्चालनको लागि भएको सम्झौता नविकरण सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा | काठमाडौं महानगरपालिका र नेपाल एम्बुलेन्स सेवा बिच एम्बुलेन्स सञ्चालनको लागि भएको सम्झौता नविकरण सम्बन्धमा प्रमुखस्तरबाट मिति २०८१।६।१३ मा भएको निर्णय अनुमोदन गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १८ | सूचना प्रविधि विभाग | सिसिटिभि क्यामेरा जडान कार्यमा नेपाल टेलिकमको फाइवर नेटवर्क प्रयोग गर्ने सम्बन्धमा | गौरवको योजना (क्रमागत) महानगरले देख्छ अन्तर्गत क्रम सङ्ख्या १ खर्च सङ्केत ३११५९ मा उल्लेख भएको महानगरपालिकाको सार्वजनिक स्थानहरूमा सीसी टिभी क्यामरा जडान कार्यक्रम अन्तर्गत महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थानहरूमा सीसीटिभी जडान गरी सोको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने फाइवर नेटवर्क प्राप्त गर्ने सम्बन्धमा नेपाल टेलिकमबाट प्राप्त दररेट बमोजिम गर्ने गरी नेपाल टेलिकमसँग सम्झौता गर्ने । |
| १९ | विपद व्यवस्थापन विभाग | विपद् पिडित परिवारलाई सहायता रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गर्न सैध्दान्तिक सहमति सम्बन्धमा | विपद् पिडित परिवारलाई सहायता रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गर्न सैध्दान्तिक सहमति दिने । |
| २० | विपद व्यवस्थापन विभाग | इलेक्ट्रीकल सेफ्टी अडिट कार्यविधि, २०८१ तर्जुमा गर्न सैध्दान्तिक सहमति सम्बन्धमा | इलेक्ट्रीकल सेफ्टी अडिट कार्यविधि, २०८१ तर्जुमा गर्न सैध्दान्तिक सहमति दिने । |
| २१ | विपद व्यवस्थापन विभाग | पनौति नगरपालिका, बेथानचोक गाउँपालिका र रोशी गाउँपालिकालाई राहत उपलब्ध गराउने बारे विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा | पनौति नगरपालिका, बेथानचोक गाउँपालिका र रोशी गाउँपालिकालाई बाढी प्रभावित क्षेत्रमा राहत तथा पुनःस्थापनाको लागि प्रति पालिका बीस लाख रुपैयाँका दरले रकम उपलब्ध गराउने सम्बन्धी नगर प्रमुखज्यूको अध्यक्षतामा मिति २०८१/६/१८ मा बसेको महानगर विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने । |
| २२ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर ३२ कोटेश्वर महादेवस्थान गगनेश्वर मन्दिर परिसरमा जेष्ठ नागरिक सत्तल निर्माण कार्यको म्याद थप सम्बन्धमा | काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधित २०८०) को नियम ४७ बमोजिम वडा नम्वर ३२ कोटेश्वर महादेवस्थान गगनेश्वर मन्दिर परिसरमा जेष्ठ नागरिक सत्तल निर्माण कार्यको २०८१ भदौ २५ गते सम्म म्याद थप गर्ने । |
| २३ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर १२ यारहिटी पुनःनिर्माण कार्यको म्याद थप सम्बन्धमा | काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधित २०८०) को नियम ४७ बमोजिम वडा नम्वर १२ यारहिटी पुनःनिर्माण कार्यको २०८१ श्रावण मसान्त सम्म म्याद थप गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| २४ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर १२ युतानन्नी त्वा छें पुनःनिर्माण कार्यको म्याद थप सम्बन्धमा | काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधित २०८०) को नियम ४७ बमोजिम वडा नम्वर १२ युतानन्नी त्वा छें पुनःनिर्माण कार्यको २०८१ मङ्सिर २८ सम्म म्याद थप गर्ने । |
| २५ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर २० जैशीदेवल स्थित गणेश मन्दिर पुनःनिर्माण कार्यको म्याद थप सम्बन्धमा | काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधित २०८०) को नियम ४७ बमोजिम वडा नम्वर २० जैशीदेवल स्थित गणेश मन्दिर पुनःनिर्माण कार्यको २०८१ श्रावण मसान्त सम्म म्याद थप गर्ने । |
| २६ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | UN Habitat को आयोजनामा इजिप्टको कायरोमा हुने Twelfth Session of the World Urban Forum मा उपप्रमुखज्यूको सहभागिता सम्बन्धमा | मिति २०८१ कार्तिक १९ देखि २३ सम्म इजिप्टको कायरोमा UN Habitat को आयोजनामा हुने Twelfth Session of the World Urban Forum मा उपप्रमुखज्यूलाई सहभागी गराउने र स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ को दफा ५ बमोजिम नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा मनोनयनको लागि सिफारिस गर्ने । |
| विविध | प्रशासन विभाग | गौशाला धर्मशाला सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा । | गौशाला धर्मशाला सञ्चालन/व्यवस्थापनको लागि पशुपति क्षेत्र विकास कोष र काठमाडौं महानगरपालिका बिच सहमति/सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने र गौशाला धर्मशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने। |